नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: www.daorasuwa.moha.gov.np

धुन्चे, रसुवा

पत्र संख्या : ०७६/७७
चलानी नम्बर :

मितिः- २०७६/१२/१०

## सार्वजनिक जानकारीका लागि

संविधानसभा सदस्य मा.छोवाङ तेन्जिङ तामाङज्यू, प्रदेश सभा सदस्य मा.प्रेम तामाङज्यू, जि.स.स. प्रमुख कुलप्रसाद भट्टज्यूको विशेष उपस्थिति र प्रमुख जिल्ला अधिकारी अर्जुन भण्डारीज्यूको अध्यक्षतामा मिति २०७६/१२/९ गते बसेको जिल्ला बिपद् ब्यवस्थापन समितिको बैठकबाट भएका मुख्य विशेष निर्णयहरू निम्नानुसार भएको व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराईन्छ ।

१. शंकास्पद बिरामीको निगरानी तथा उपचार ब्यवस्थापनका लागि ७२ घण्टा (३ दिन भित्र) जिल्लास्तरमा रसुवागढी, स्याफ्रुवेशी, धुन्चे, कालिकास्थान, पार्च्याङ, थाम्वुचेत, डाँडागाँउ र बेत्रावतीमा गरी ८ स्थानमा २१० बेडको क्वारेन्टिन र रसुवा अस्पताल तथा जिवजिवे ग्रामिण अस्पतालमा ३५ बेडको आईसोलेसन कक्ष निर्माण गर्ने ।
२. जिल्लाभित्र आवागमन हुने सवारी साधन तथा मानिसहरूको आवतजावतलाई ध्यानमा राखी रसुवागढी, स्याफ्रुवेशी, धुन्चे, कालिकास्थान, बेत्रावती, मैलुङ, पारच्याङ, सरमथली, चिलिमे, गत्लाङ गरी १० स्थानमा ज्वरो नाप्ने उपकरण सहितको स्वास्थ्य जाँच कक्ष (Health Desk) निर्माण गर्ने ।
३. जिल्ला समन्वय प्रमुखको संयोजकत्वमा जिल्लास्तरीय कोभिड-१९ उच्च स्तरीय ब्यवस्थापन टास्क फोर्स निर्माण गर्ने ।
४. स्वास्थ्य कार्यालय प्रमुखको संयोजकत्वमा जिल्लास्तरीय कोभिड-१९ स्वास्थ्य व्यवस्थापन टास्क फोर्स निर्माण गर्ने ।
५. आवश्यक परेका बेला तत्काल परिचालन हुने गरी सुरक्षा निकायको ९५ जना समुहको Crisis Response Team-CRT ब्यवस्थापन गर्ने ।
६. प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गाउँपालिकास्तरीय कोभिड-१९ व्यवस्थापन टास्क फोर्स निर्माण गर्ने ।
७. रसुवा अस्पताल र जिवजिवे ग्रामिण अस्पतालमा ५/५ सदस्यीय RRT(Rapid Response Team) निर्माण गर्ने ।
८. सबै गाँउपालिकास्तरमा हुने बिवाह, ब्रतबन्ध, गोष्ठी, सेमिनार, बैठक भिडभाँड, जमघट, जनभेला हुने कार्यहरूमा पूर्ण रोक लगाउने ।
९. जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र -DEOC लाई २४ सै घण्टा सञ्चालन हुने गरी कोभिड-१९ रोकथाम तथा नियन्त्रण सूचना केन्द्र (COVID-19 information center) तोक्ने ।
१०. जनमानसमा ब्यापक जनचेतना जगाउनका लागि सबै वडा कार्यालयबाट टोल टोलमा जानकारीमुलक माईकिङ गर्ने, पर्चा पम्पलेटहरू बाँड्ने ।
११. प्रत्येक गाँउपालिकाबाट १५/१५ लाखका दरले ७५ लाखको कोभिड-१९ नियन्त्रण र रोकथाम आकस्मिक कोष ब्यवस्था गर्ने । कोभिड १९ नियन्त्रण र रोकथाम खर्च प्रयोजनका लागि अन्य संघ,संस्था, ब्यक्तिबाट प्राप्त हुने सहयोग जिल्ला बिपद ब्यवस्थापन समिति कोषमा जम्मा गर्ने ।
१२. जिल्ला बाहिर रहेका रसुवा जिल्लाका स्थानीय बासिन्दालाई यथासक्य चाँडो जिल्लामा आउन सार्वजनिक आव्हान गर्ने । यसरी आउने रसुवावासीहरूलाई Self quarantine declaration form भरी अनिवार्य रूपमा १४ दिन स्व-क्वारेन्टिनमा रहने ब्यवस्था गर्ने ।
१३. पदयात्रा तथा भ्रमणमा आउने बिदेशी पर्यटकलाई अर्को ब्यवस्था नभएसम्मका लागि रसुवा प्रवेशमा रोक लगाउने ।

२०७६/१२/१०

सपना कुमारी भट्टराई
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेबसाईट: www.daorasuwa.moha.gov.np

धुन्चे, रसुवा

पत्र संख्या : ०७६/७७
चलानी नम्बर :

मितिः- २०७६/१२/१०

१४. अत्यावश्यक काम बाहेक पदयात्रा तथा भ्रमणका लागि रसुवा आगमन गर्ने आन्तरिक पर्यटकहरूलाई आवागमनमा कडाई गर्ने। आवागमन गर्नेहरू १४ दिन अनिवार्य स्व- क्वारेन्टिनमा रहने ब्यवस्था गर्ने।

१५. दैनिक परिस्थितिको संकटासन्न अवस्थाको विश्लेषणका आधारमा कोभिड-१९ को अतिउच्च जोखिम अवस्थामा रसुवा जिल्ला वा भित्रका छुट्याइएका विभिन्न ब्लकहरु वा बजार केन्द्रलाई आधार मानी एक ब्लकबाट अर्को ब्लकमा प्रवेश नहुने गरी मानिस तथा सवारी साधनको आवागमनमा रोक लगाउने।

क) ब्लक "क"- रसुवागढी, टिमुरे क्षेत्र

ख) ब्लक "ख"- स्याफ्रुवेशी, थुमन, दाहालफेदी, गत्लाङ, गोल्जुङ, बाँहुनडाँडा, चिलिमे, तातोपानी, पाजुङ लगायतका क्षेत्र

ग) ब्लक "ग"- बेत्रावती, खाल्डे, हाँकु, ग्रे, मैलुङ, तिरु, डाँडागाँउ क्षेत्र

घ) ब्लक "घ"-लिङलिङ, बृद्धिम, खाम्जिङ, शेर्पागाँउ, रिम्चे, बेम्बो, पहिरे, लामा होटेल, लाङटाङ, क्यान्जिन क्षेत्र

ङ) ब्लक "ङ"- धुन्चे, ग्राङ, राम्चे, कालिका, जिवजिवे, धारापानी क्षेत्र

च) ब्लक "च"- भोर्ले, पार्च्याङ, सरमथली, यार्सा, सर्स्यू क्षेत्र

१६. सबै स्थानीय तहको नेतृत्वमा जिल्लाका ५ वटै गाँउपालिकाका ४० वटा बजार क्षेत्रहरूमा दैनिक उपभोग्य खाधान्न सामग्रीको मौज्दात (stock), खपत र स्थिर अवस्थामा पुग्न सक्ने न्यूनतम अवधि बिवरण संकलन गरी बजारलाई बिशेष निगरानी गर्ने।

१७. अत्यावश्यक काम बाहेक आवतजावत र हिडडुल नगर्न सर्वसाधारणमा सार्वजनिक आव्हान गर्ने।

१८. मानिसहरुको जमघट बढी हुने सार्वजनिक स्थलहरुमा दैनिक रुपमा निश्चित समयको अन्तरालमा सरसफाई गर्ने व्यवस्था मिलाउने। सो को नेतृत्व र समन्वय सम्बन्धित वडा कार्यालयले गर्ने।

१९. सबै स्थानीय तह वडाहरुको नेतृत्वमा जिल्लाका देहायका मूख्य वजारस्थलहरुमा वजार अनुगमन गरी वजारमा रहेको दैनिक उपभोग्य खाधान्न सामग्रीको मौज्दात (Stock), दैनिक सामग्रीको खपत र स्थिर अवस्थामा पुग्न सक्ने न्यूनतम अवधि (महिना/दिन) समेत खुल्ने गरी विवरण संकलन गर्ने र बजारलाई नियमित निगरानी गर्ने।

क)गोसाइकुण्ड गा.पा.- रसुवागढी टिमुरे, स्याफ्रुवेशी, थुमन, ठूलोस्याफ्रु, भार्खु, ठूलो भार्खु, धुन्चे, ठाडे, लिङलिङ, बृदिम, खाम्जिङ, शेर्पागाँउ, लाङटाङ क्षेत्र- १३ स्थानहरु

ख)आमाछोदिङमो गा.पा.- गत्लाङ, गोल्जुङ, चिलिमे, तातोपानी, हाँकु, ग्रे – ६ स्थानहरु

ग) कालिका गा.पा.- कालिकास्थान, घुम्ती, राम्चे, जिबजिबे, धारापानी, ग्राङ- ६ स्थानहरु

घ) उत्तरगया गा.पा.- बेत्रावती, खाल्डे, लहरेपौवा, बोगटीटार, मैलुङ, तिरु, ठूलोगाउँ, डाँडागाँउ- ८ स्थानहरु

ङ) नौकुण्ड गा.पा.- भोर्ले, पार्च्याङ, सरमथली, पाटीखर्क, यार्सा, लाङवु, सर्स्यू- ७ स्थानहरु

२०७६/१२/१०

सपना कुमारी भट्टराई
सहायक प्रमुख जिल्ला अधिकारी